कृषि पत्रकार समाज प्रदेश ५ द्वारा प्रकाशित

किसानका खबर, किसानकै कुरा

# कृषिपत्र

प्रदेश नं. ५ को पहिलो पाक्षिक कृषि खबर पत्रिका

www.Krishipatra.com वर्ष १ । अंक ७ । १ असार देखि १५ असार २०७६ । 16 Jun - 30 Jun 2019 । पृष्ठ संख्या ८ । मूल्य रु. १० ।

कृषि सम्बन्धी पल पलको अपडेट का लागि

www.krishipatra.com लगअन् गर्नुहोस्

कुनै पनि कृषि सम्बन्धी जानकारी, लेख रचना तथा सूचना तथा जानकारी प्रकाशन तथा प्रशारण गर्नको लागि हामीलाई सम्झनुहोला।

फोन: ९८११४४०१८९

ईमेल: Krishipatra@gmail.com

# कृषिमा प्रदेश सरकारको बजेट ४ अर्ब ७ करोड




**कृषिपत्र खबरकर्मी**
बुटवल, असार।

प्रदेश नम्बर ५ सरकारले बजेट सार्वजनिक गरको छ। कृषिमा ४ अरव ७ करोड रूपैयाँ विनियोजना गरिएको छ। कुल ४ अरब ७ करोड बजेटमा सरकारले किसानहरूलाई कृषि ऋणको व्याजमा अनुदान प्रदान गर्ने गरी नयाँ योजना ल्याएको छ। यस अघि केन्द्र सरकारले प्रदान गर्दै आएका सहुलित दरको कृषि ऋण प्रभावकारी नभएको, बास्तविक किसानहरूले नपाएको भन्ने विषयलाई मध्यानजर गर्दै प्रदेश सरकारले ब्यायजमा अनुदान प्रदान गर्न बजेट विनियोजन गरेको छ।

जस अनुसार कृषि ब्याजमा अनुदान प्रदान गर्नको लागि १० करोड रूपैयाँ बजेट विनियोजन गरेको छ। यस्तै कृषिकर्मी रोजगार कार्यक्रमको लागि पनि सरकराले १० करोड रूपैयाँ विनियोजन गरेको छ। जस अनुसार कृषि क्षेत्रमा काम गर्ने कृषिकर्मीहरूको अभावलाई पुर्ती गर्नको लागि १० करोड रूपैयाँ बजेट विनियोजन गरिएको हो।

यस्तै गत बर्ष देखि सुरु गरिएको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइएको छ। गत बर्ष प्रत्येक निर्वाचन क्षेत्र अनुसार ५२ वटा स्मार्ट कृषि गाँउ निर्माण गरेकोमा यस बर्ष पनि यसलाई थप निरन्तरता दिई थप सब ३४ स्थायि तहको लागि ३५ करोड रूपैयाँ विनियोजन गरिएको छ। कृषिमा यन्त्रीकरणमा किसानहरूलाई जोड दिदै यन्त्रीकरण मार्फत लागतकम गर्नको लागि कुल ६ करोड रूपैयाँ विनियोजन गरिएको छ। जसमा किसानबाट उत्पादन भएका उत्पादन बस्तुहरू राख्नको लागि कष्टम हायरिङ्ग सेन्टरको लागि समेत बजेट विनियोनजन गरिएको छ।

शिक्षित युवा कृषि कार्यक्रम अर्न्तगत प्रदेश सरकराले पढ्दै, सिक्दै कमाउदै भन्ने नारालाइ सार्थकता दिनको लागि युवा लक्षित कार्यक्रममा १० करोड रूपैयाँ विनियोजन गरेको छ। यस्तै टुक्रे आयोजानहरू भन्दा पनि किसानहरूलाई चाक्लाबन्दी गरी कृषि कर्म गर्नको लागि विशेष प्रोत्साहन अनुसार ५ करोड रूपैयाँ विनियोजन गरिएको छ।

यस्तै भुमिहिनकिसानहरूको लागि ल्याइएको भुमिहिन किसान खेतीको कार्यक्रम थप परिमार्जन सहित निरन्तरता दिइएको छ।

प्रदेश सरकराले विभिन्न स्थानमा फलुफल खेतीको लागि २ लाख फलफुलका विरुवाहरू रोप्ने गरी २ करोड रूपैयाँ विनियोजन गरेको छ। यस्तै प्रदेशको लागि आवश्यक पर्ने ट्श्युकल्चर प्लान्ट स्थानाकोको लागि आवश्यक बजेट विनियोजन गरेको जनाइएको छ।यस्तै हाल सञ्चालनमा रहेका सित भण्डारहरूको व्यवस्थापन तथा नयाँ स्थानमा थप सित भण्डारण स्थापनाको लागि ३५ करोड रूपैयाँ बजेट व्यवस्थापन गरिएको छ।

साना सिंचाई कार्यक्रमलाई निरन्तता दिदै आवश्यक स्थानमा सिंचाईकेन्द्र स्थापना हुनेछन्। यस्तै उत्पादन भएका विभिन्न उत्पादित बस्तु भण्डारणको लागि भण्डारण गृह समेत निर्माण गरिने गरी बजेटमा व्यवस्था गरिएको छ। विभिन्न स्थानमा किसान मिसन कार्यक्रमको लागि कुल १८ करोड रूपैयाँ विनियोजन गरिएको छ। जसमा माछा पालनको लागि माछा पालन केन्द्र, माछाको दाना, उद्योग, प्रयोशाला स्थापनाको लागि निजी क्षेत्रसंगको सहकार्यमा गरिने छ।

यस्तै कृषिलई सहकारी संग जोडेर विकास गर्नको लागि सरकारले कृषि सहकारी अभियान कार्यक्रम समेत सञ्चालन गर्ने भएको छ। जसमा प्रादेशिका कृषि प्रोत्साहन सहितका कार्यक्रम राखेको छ जसको लागि ५ करोड विनियोजन गरेको छ।

किसानले गर्दै आएको कार्यको लागि प्रादेशिक किसान सम्मान कार्यक्रम समेत निरन्तराता दिइएको छ भने उत्कृष्ण सहकारी , समुहहरूलाई समेत सम्मान र पुरस्कार प्रदान गरिने भएको छ। यस्तै भौतिक पुर्वाधार अर्न्तगत सरकारले कृषि सडक निर्माणको लागि ८ करोड बजेट विनियोजन गरेको छ। बजेटमा व्यवस्था गरी कृषि जन्य उद्योगहरू संग पुग्नको लागि आवश्यक मात्रमा बजेट विनियोजना गरिएको छ। सिंचाई आयोजना जलायको लागि ३ करोड ९५ लाख बजेट समेत विनियोजन गरिएको छ। ■

## यस्ता छन् प्रदेश ५ सरकारको कृषिमा बजेटका २३ बुँदाहरू



बुटवल, असार। आर्थिक योजना मन्त्रालय (अर्थमन्त्री) समेतको जिम्मेबारी सम्हाल्नुभएका मुख्यमन्त्री शंकर पोखरेलले प्रदेश सभामा प्रस्तुत गर्नुभएको बजेटमा २३ वटा बुँदा कृषिका समेटिएका छन्। आर्थिक वर्ष ०७६/०७७ का लागि ३६ अर्ब ४१ करोड ६८ लाखको अनुमानित बजेट प्रस्तुत बजेटमा कृषिमा ४ अरव ७ करोड बजेट विनियोजन भएको छ।

हेर्नुहोस बजेटमा कृषिका २३ बुँदा। जसमा समेटिएकाछन् बजेटका विभिन्न कुराहरू। मुख्य मन्त्री शंकर पोखरेलको बजेटमा कृषि संवोधन। जस्ताको तस्तै

**माननीय सभामुख महोदय,**

*कृषिमा कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।*

*कृषि, भूमि व्यवस्था र सहकारी*

*कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यावसायीकरण गरी समग्र अर्थतन्त्रको विकासको आधार बनाउने, समावेशी विकास गर्ने, रोजगारी सिर्जना गर्ने, आत्मनिर्भर बनाउने र गरिबी निवारण गर्नेगरी आवश्यक नीति तथा कार्यक्रमहरू तयार गरिएका छन्।*

*'गरौं ब्यावसायिक कृषि, यसैबाट शुरु हुन्छ प्रदेशको समृद्धि' भन्ने मूल नारालाई आत्मसात गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण तथा ब्यावसायीकरण गरी कृषि प्रवर्द्धन गर्न बित्तीय संस्थाहरूसंगको सहकार्यमा कृषकहरूलाई सुलभ कर्जा उपलब्ध गराउने कार्यमा सहजीकरण गर्दै ब्याजमा नगद अनुदान उपलब्ध गराइनेछ। यसका लागि रु. १० करोड बिनियोजन गरेको छु।*

*कृषि क्षेत्रमा श्रमिकको अभाव र बजारमा बेरोजगारीको समस्या रहेको विरोधाभासपूर्ण स्थितिलाई सम्बोधन गर्न कृषिकर्मी रोजगार कार्यक्रम संचालनमा ल्याइनेछ। यस कार्यक्रमले उपलब्ध श्रमशक्तिलाई कृषि तथा पशुजन्य फर्म तथा उद्योगमा परिचालन गर्दै स्थानीय स्तरमा रहेका उत्पादनमूलक कृषिभूमिको समूचित प्रयोग गरी स्थानीय स्तरमै रोजगारी सृजना गर्नेछ। यसका लागि रु. १० करोड विनियोजन गरेको छु। कृषि उत्पादनदेखि बिक्री वितरणसम्मको मूल्य श्रृंखलाका प्रत्येक चरणमा कृषकलाई सहयोग गर्न, प्रविधि हस्तान्तरण गर्न, सामुहिक ब्याबसायीकरण गर्न र प्रसार प्रणालीलाई थप सवल तथा प्रभावकारी बनाउनका लागि चालू आर्थिक बर्षमा प्रारम्भ गरिएको"स्मार्ट कृषि गाउँ कार्यक्रम लाई निरन्तरता दिइएको छ। यस कार्यक्रमलाई प्रत्येक स्थानीय तहसम्म पुर्याउने नीति अनुरूप आगामी आर्थिक वर्षमा थप २४ स्थानीय तहहरूमा विस्तार गर्नेगरी सम्पूर्ण प्याकेज कार्यक्रमका लागि रु. ३५ करोड विनियोजन गरेको छु।*

*कृषि क्षेत्रमा रहेको यान्त्रिकीकरणको कमीलाई समाधान गर्न, उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै रोजगारीको अवसर श्रृजना गर्न परम्परागत रूपमा रहेका आरनहरूलाई आधुनिकीकरण गर्नुका साथै कृषि यन्त्र निर्माण कार्यक्रमसँग आवद्धित गरिनेछ। यसका अतिरिक्त यान्त्रीकरणमा किसानको पहुँचमा बृद्धि, थप प्रतिस्पर्धी र समग्र कृषिको आधुनिकीकरण गर्न कष्टम हायरिङ् सेन्टर स्थापना गर्न रु. ६ करोड विनियोजन गरेको छु।*

*युवाको पौरख, प्रदेशको गौरव मूलमन्त्रका साथ युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी सीप र दक्षतासँग आबद्ध गराउँदै लगिनेछ। कृषि विषयमा उच्चशिक्षा हासिल गरेका युवाहरूलाई स्रोतव्यक्ति तथा उद्यमशीलता विकास कार्यक्रम र पढ्दै कमाउँदै अभियानका लागि कृषकसंग विद्यार्थी कार्यक्रम लगायतका युवा लक्षित कृषि ब्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु. १० करोड विनियोजन गरेको छु।*

( बाँकी ३ पृष्ठमा)

## नमुना बाख्रापालनबाट मनग्य आम्दानी गर्दै युवाहरू



**बसन्तराज बराल**
बुटवल, असार।

गाउँका धेरै युवा दुबै,कतार मलेशिया,जापान, कोरिया जानेको लहर नै चलेको छ। आफुलाई पनि बिदेश जाने थुप्रै अफर आए तर उनी आफ्नो जन्मभूमिलाई छोडेर कतै जान चाहेनन्। उनी मात्रै चाहे आफ्नै पाखा पखेरासँग रम्न। गाउँ मै व्यवसाय गर्न। पोखरा महानगरपालिका वडा नम्बर १३ आर्वाका २१ बर्षीय युवा विकास नेपाली आफ्नो भूमिलाई छोडेर कतै जान चाहँदैनन्। उनीको उद्देश्य छ गाउँ मै व्यवसायी बन्ने। नेपालीले विगत १० महिनादेखि विकाश बाख्रा पालन स्थापना गरी उनले गाउँमा नै मनग्य आम्दानी गर्दै आएका छन। ३८ वटा बाख्रा पालनबाट सुरु गरेका नेपालीले हाल ५४ वटा बाख्रा फर्ममा पुऱ्याएका छन्। हाल सानन, खरी( लामकाने) जमुनपारी, लगायत जातका बाख्रा नेपालीको फर्ममा रहेका छन्। उनले बाख्रापालनलाई व्यवस्थित बनाउन उनका दाजु खेम वहादुर नेपालीको सहयोगमा २ लाखको लगानीमा व्यवस्थित खोर समेत बनाएका छन्। उनलाई बजारको कुनै समस्या छैन। उनले माग अनुसारको उत्पादन गर्न नसकेको बताउँछन्।

नेपालीले गाउँका सबै युवाहरू विदेश पलायन भएको हुँदा उनलाई कामदार पाउन गाह्रो भएको बताउँछन्। 'गाउँमा भएका सबै युवाहरू विदेश छन, यहाँ अहिले बालबालिका र बुढाबूढीहरू मात्रै छन,' उनले भने 'यसले गर्दा गाउँ सुनसान जस्तै भएको छ, आवश्यक परेको बेला कामदार पनि पाइँदैनन्।'

नेपालीले गाउँमा सहकार्य गरेर राम्रो व्यवसाय गरौं भन्ने युवा नभएको बताउँदै आफुले विदेश गएका युवाहरूलाई गाउँ मै आकर्षण गर्ने गरि व्यवसाय गर्ने लक्ष्य राखेका छन्। नेपालीले विदेश गएर गर्ने दुख स्वदेशम गरे पनि राम्रो कमाइ गर्न सक्ने बताउँछन्। (बाँकी ३ पृष्ठमा)



कृषि पत्रकार समाज नेपाल
प्रदेश नं. ५ द्वारा प्रकाशित
कृषि पत्र पाक्षिक कृषि खबर बुलेटीन
का लागि

**सम्पादन मण्डल**

**सम्पादकः** कृष्ण प्रसाद खनाल
**संयोजकः** बसन्तराज बराल
**सह-संयोजकः**विकास पराजुली
**संवाददाताहरू :** बसन्त पौडेल, नविन घिमिरे, अनिता विश्वकर्मा, जीवराज चालिसे, सुशिला रेग्मी, खगेन्द्र दाहाल, रेनुका गिरी

**सल्लाहकारहरूः**
यमलाल भुषाल
विश्वास ढकाल
भगवती पाण्डे
मनोरञ्जन शर्मा
त्रिलोचन दाहाल(कृषि प्राबिधिक)

**प्रदेश ५ कार्यसमिति**
अध्यक्षः कृष्ण प्रसाद खनाल
उपाध्यक्षः खगेन्द्र दाहाल
उपाध्यक्षः मिना पाण्डे (अस्मिना )
सचिवः दिपक आचार्य
सह-सचिवः विकास पराजुली
कोषाध्यक्षः बसन्तराज बराल
सह-कोषाध्यक्षः भुवन पाण्डे
सदस्यहरूः अनिता विश्वकर्मा, बसन्त पौडेल, शुसिला रेग्मी, अर्जुन भुषाल, शुसिल नेपाल

**जिल्ला कार्यसमिति रूपन्देही**
अध्यक्षः कृष्ण प्रसाद खनाल
उपाध्यक्ष द्वयः भुवन पाण्डे र रेनुका गिरी
सचिवः विकास पराजुली
सह-सचिवः मिना पाण्डे (अस्मीना)
कोषाध्यक्षः बसन्तराज बराल
सदस्यहरूः फविन्द्र देवकोटा, मिना पौडेल, नविन घिमिरे, कपिल ज्ञवाली, गणेश बेल्बासे, दिनेश कुमार श्रेष्ठ, कपिल अधिकारी, आचार्य प्रदिप, हिक्मत चौधरी ।

**ठेगानाः**
बुटवल-६ रूपन्देही नेपाल
फोन नम्बरः , ९८५७०५२२३२, ९८५७०३२८२७,९८४७००७६३५
इमेल : krishipatra@gmail.com
वेव : www.krishipatra.com

# सम्पादकीय

## कृषिको बजेट कहाँ ?

*सरकारले प्रत्येक बर्ष कृषिलाई नै प्रथमिकता दिएर बजेट विनियोजन गर्ने गर्छ। बजेटमा उल्लेख भए अनुसार कृषि क्षेत्र कन्द्र, प्रदेश र स्थानिय तहको सरकारको मुख्य प्रथमिकतामा परेका छन्। यद्यपी विगतका बर्षहरूमा प्रथमिकतामा परेको कृषि क्षेत्रको यथोचित विकास भएको भने नपाइएको स्वयम किसानहरू नै बताउँछन।*

*नेपाल संघीय संरचना प्रवेश गरिसकेको छ। तर पनि अहिले कार्य गर्ने परिपाटीमा भने कुनै खास परिर्वतन भएको पाईदैन। जनतालाई घर दैलोमा सेवा प्रवाह गर्नगरी स्थापना भएका स्थानि निकाय कर्मचारी विहिन छन्। जसले गर्दा किसानले सहज रूपमा सेवा पाउन मुस्कील छ। कृषि क्षेत्रकोलागि विकास गर्ने गरी विकास स्थापना भएका कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्र पनि पायक पर्ने स्थानमा छैनन्। जसको कारण किसानहरूले सेवा भन्दा पनि सास्ती पाएको गुनासो गर्दै आएका छन्। तराईका जिल्लामा तिन जिल्ला हर्ने गरी पशु सेवा विज्ञ केन्द्र तथा भेटनरी अस्पताल स्थापना भएका छन्। यस्तै कृषि ज्ञान केन्द्रको पनि हालत उही छन्। जसले गाँ उ गाँउमा सिंह दरबारसरकारको नारा लाई सार्थक बन्नमा बाधा गरेको छ भन्नमा कुनै दुई मत छैन। किसानहरूलाई सेवा प्रवाहको लागि भनेर स्थापना गरिएका स्थानिय निकायका कृषि विकास शाखा तथा पशु विकास शाखा केन्द्र पनि पनि यथेष्ठ कर्मचारीको अभाव रहेको छ। जहाँ एकै प्रकृतिको काम गर्ने विज्ञहरूको दरबन्दी रहेपनि सबै क्षेत्रमा विज्ञता भएका विज्ञहरूको साथै प्राविधिक पक्षिणको लागि ल्याब(प्रयोगशाला)को अभाव छ। जसले गर्दा कुनै पनि विषयको परिक्षण गर्नको लागि किसान कहाँ जाने भन्ने विषयमा अन्यौलता रहेको छ।यसमा सरकारको ध्यान बेलैमा जानु आवश्यक रहेको छ। कम्पतीमा पनि एक स्थानिय तहमा खासगरी कृषि र पशु क्षेत्रमा विज्ञता हासिल गरेका विशेषज्ञहरूको दरबन्दी सृजना गरी सोही अनुसार कृषि प्रयोगशाला र पशु जाँच प्रयोगशाला स्थापना गर्नु आवश्यक छ। जसले गर्दा किसानहरूले घर दैलोमा नै सेवा पाउन सक्ने छन् ।*

# तरकारी खेती गर्ने तरिकाहरू



तिलोचन दहाल

तरकारी खेती सबैले गरे पनि ब्यबसायीक तरकारी खेती राम्रो संग हुन सकेको छैन। नेपालमा अझै पनि हजारौ टन तरकारी भारत बाट आउने गर्दछ। ब्यबसायीक तरकारी खेती गर्ने हो भने राम्रो आम्दानी लिन सकिन्छ। तरकारी खेती ब्यवसायिक र घर खानको लागि फरक फरक तरिका र फरक मात्रामा गर्न सकिन्छ। अरू ब्यबसायमा झै तरकारी खेती गर्दा पनि ध्यान दिनु पर्दछ। तरकारी खेती गर्दा मुख्य गरी तीन वटा कुरामा ध्यान दिनु पर्दछ।

मुख्य गरी नर्सरी ब्यबस्थापन, लगाउने तरिका र रोग किरा ब्यबस्थापनमा ध्यान दिनु पर्दछ। बेमौसमी तरकारी खेती गर्नलाई माथीका कुरा सगै केही थप प्रबिधी अपनाउनु पर्ने हुन्छ।

तरकारी खेतीका किसिम

**१ कौसीवारी तरकारी खेती**

यो प्रबिधी शहरी क्षेत्रको लागि उपयोगी रहेको छ। घर मात्र हुने जग्गा जमिन नहुनेले यो प्रविधी अपनाउन सकिन्छ। यस प्रबिधीमा घरको छतमा गमला तयार गरेर वा सिमेन्टेड गरेर क्यारी तयार गरेर खेती लगाईन्छ। यस तरिकले खेती गर्दा आफ्नो परिवारलाई पुग्ने गरी वा आंशिक पुग्ने गरी उत्पादन गर्नु पर्दछ। गमला वा क्यारी बनाउदा तरकारीको जरा अट्ने गरी बनाउनु पर्दछ। गमला वनाउदा पानीको निकासको लागि ब्यवस्था मिलाउनु पर्दछ।

गमला वा क्यारीको पिधमा खन्नोखालको वालुवा र माथी मलमाटो मिसाएर हाल्नु पर्दछ। कौसीवारीमा तरकारी लगाउदा सागपात समुह बढि मात्रामा लगाउनु पर्दछ। एउटा सामान्य परिवारको लागि २० देखि ३० वोट गोबी परिवारको ( बन्दा गोबी, फुलगाबी, ब्रोकाउली, ग्याठ गोबी, चाईनज बन्दा ) , टमाटर ४ देखि ५ बोट, खुर्सानी भेडेखुर्सानी ४ देखि ५ बोट, सिमी, केराउ, र धेरै मात्रामा साग लगाउनु पर्दछ। त्यसै गरी काँक्रा, फर्सी, घिरौला, लौका, चिचिण्डा, करेला, भिण्डी बोडी, लगायतका तरकारी समेत परिवारको इच्छा अनुसार लगाउनु पर्दछ। कौसीमा लगाएको तरकारीमा बिषधी प्रयोग गर्नु हुदैन। स्थानीय विषादी प्रयोग गर्नु पर्दछ। सामान्य ४ कोठाको घर हुने मानिसले छतमा तरकारी लगाउदा ६ देखि ८ महिना सम्मको लागि खान पुऱ्याउन सकिन्छ। कौसीवारीमा लगाइने तरकारी छिटो तयार हुने र लामो समय सम्म उत्पादन दिने किसिमको हुनु पर्दछ।

**२. करेसावारी तरकारी खेती प्रविधी**

आफ्नो परिवारको लागि आवश्यक पर्ने ताजा तरकारी बर्षभरीको लागि घरको नजिक तरकारी उत्पादन गर्ने प्रबिधीलाई करेसावारी तरकारी खेती भनेर भनिन्छ। आफ्नो परिवारको लागि वर्ष भरीको पुग्ने गरी तरकारी उत्पादन गर्नु पर्दछ। करेसावारी बनाउदा आफ्नो परिवार संख्या अनुसार तयार गर्नु पर्दछ। करेसावारी बनाउदा ले आउट गरेर तयार गर्नु पर्दछ। समान्यतया ५ देखि ७ जना परिवारको लागि १० धुर देखि १ कठ्ठा वा करिव आधा देखि एक रोपनी जग्गा छुट्याउनु पर्दछ। छुट्याएको जग्गालाई लेवाउट गरेर(कहा कुन तरकारी कसरी लगाउने भनेर छुट्याउने कार्य गरेर) तरकारीको प्रकृती अनुसार तरकारी खेती गर्नु पर्दछ। करेसावारीमा हरेक हप्ता तरकारी लगाई रहनु पर्दछ। करेसावारीमा ४० प्रतिशत साग वाली र ६० प्रतिशत फलफूल खाने, कोसेवाली र जरेवाली लगाउनु पर्दछ। करेसावारीमा सके सम्म रासायिनिक मल र विषादी प्रयोग गर्नु हुदैन। करेसावारीमा घुम्ति खेती गर्नु पर्दछ भने मलको लागि कम्पोष्ट खाडल तयार गरेर मल तयार गर्नु पर्दछ। करेसा वारीमा लगाईने तरकारी खेतीको आम्दानी खर्चको हिसाव भन्दा पनि बर्ष भरी खान पुग्ने गरी तरकारी उत्पादन गरिन्छ। मुख्य गरी खाली समयलाई र भान्छाको पानीको सदुपयोग हुने गरी करेसावारीमा तरकारी लगाईन्छ। करेसाबारी तयार गर्दा तरकारी उत्पादनको साथै कसरत समेत हुने हुदा पोषण र स्वास्थ्यको लागि यो आश्यक हुन्छ। करेसाबारीको निर्माण गर्दा फलफुलको बोट समेत लगाउन सकिन्छ। करेसाबारी बनाउदा धेरै रोग वाट बच्न सकिन्छ। करेसाबारी निर्माणको लागि प्राबिधिकहरू संग सहयोग लिन सकिन्छ। मुख्य गरी लेआउट गर्नको लागि प्राबिधिकको सहयोग लिदा राम्रो हुने हुन्छ।

**३. ब्यवासायिक तरकारी खेती**

लगानी र आम्दानीको हिसाव गर्ने गरी बिक्री वितरणको उद्देश्यले लगाईएको तरकारी खेतीलाई ब्यवसायिक तरकारी खेती भनिन्छ। सामान्य परिवारको लागि घर खर्च चलाउनको लागि ५ कठ्ठा वा ४ रोपनी भन्दा बढि जग्गामा तरकारी खेती गर्नु पर्दछ। ब्यवसायिक तरकारी खेती गर्नको लागि आफ्नै जग्गा जमिन वा भाडामा जमिन लिएर पनि काम गर्न सकिन्छ। ब्यवसायिक तरकारी खेती गर्ने हो भने बैदेशिक रोगारीबाट हुने आम्दानी बराबर आम्दानी लिन सकिन्छ। ब्यसायिक तरकारी खेती संगै एउटा पशु पंक्षि पालन ब्यबसाय पनि गर्नु पर्दछ। यसो गर्दा तरकारीको लागि मलको आपुर्ति सजिलै हुन सक्छ। ब्यवसायिक तरकारी खेती गर्नको लागि बेमौसमी तरकारी उत्पादन गर्ने सिप र कला हुन जरुरी रहेको छ। ब्यवसायिक तरकारी खेती गर्नको लागि आधारभूत तालिम लिनु पर्दछ।

**बेमौसमी तरकारी खेती गर्ने तरिकाहरू**

बेमौसमी तरकारी खेती भन्नाले बजारमा महगोमा बिक्रि बितरण हुने समयमा मुख्य मौसम भन्दा केही समय अगाडि वा पछाडि तरकारको उत्पादन गर्नु हो। बेमौसमी तरकारी उत्पादनको लागि केही न केही थप प्रबिधी अपनाउनु पर्ने हुन्छ। थप प्रबिधी नअपनाउने हो भने बेमासमी तरकारी उत्पादन गर्न राम्रो संग सकिदैन। बेमौसमी तरकारी उत्पादनको लागि बढि मिहेनत गर्नु परे पनि बजार भाउ राम्रो पाईने हुदा मुनाफा भने राम्रो हुने हुन्छ। बेमौसमी तरकारी खेती गर्नको लागि नजिकमा भएका कृषि प्राबिधीक संग सरसल्ला गर्नु पर्दछ। यसो गर्दा जातिय छनोट गर्न र प्लाष्टिक टनेल बनाउन आवश्यक सरसल्लाह प्राप्त गर्न सकिन्छ। सके सम्म अवलोकन गरेर बेमौसमी तरकारीको उत्पादन गर्न सकिन्छ। बेमौसमी तरकारी खेती गर्ने तरिकाहरू धेरै भए पनि हामीले अपनाउन सकिने तरिकाहरू निम्न अनुसार रहेका छन्।

**१ जातिय छनौट गरेर :**

यस बिधीमा अगौटे जात अगाडी र पछौटे जात पछाडी लगाईन्छ। प्राय सबै तरकारीका जातहरू अगौटे मध्य मौसमी र पछौटे जात हुने भएकाले जातिय छनौट गरी लगाउदा बेमौसमी तरकारी उत्पादन गर्न सकिन्छ।

**२ प्लाष्टिक घर भित्र खेती गरेर :**

बेमौसमी तरकारी खेतीगर्दा जाडो र बर्षा बाट तरकारीलाई बचाउन यो प्रबिधी अपनाउने गरिन्छ। मानिसले काम गर्न मिल्ने गरि काठ, बास वा फलामको पाइप प्रयोग गरेर घर बनाइन्छ र प्लाष्टिकको छाना मुनि तरकारी खेती लगाइन्छ। यस्तो घर न्युनतम ९ फिट भन्दा अग्लो हुनु पर्दछ। बेमौसमी टमाटर उत्पादन गर्न यो उपयोगी हुने गरेको छ। त्यसै गरि लहरे बाली लगाउनको लागि पनि उपयोगी हुन सक्छ। यस प्लाष्टिक घर भित्र प्रायः सबै बाली लगाउन सकिन्छ।

**३ प्लाष्टिक टनेलमा बेर्ना उत्पादन गरेर :**

तरकारी केही समय अगाडी वा केही समय पछाडी उत्पादन गर्नकादागि यो प्रबिधी अपनाईन्छ। सामान्यतया तरकारी एक महिना छिटो तयार गर्न यो प्रबिधी अपनाउने गरेको पाईन्छ। जाडोमो चिसो बाट र बर्षामा पानीबाट बचाउन यो प्रबिधी उपयोगी छ। यो प्रबिधी अपनाउदा सामान्यतया एक महिना छिटो तरकारी उत्पादन गर्न सकिन्छ। जाडोमा ल्पाष्टिक प्रयोग गर्दा ४ डिग्र सेन्टिग्रेट तापक्रम बढाउन सकिन्छ। यस प्रबिधीमा प्रतिकुल मौसममा बेर्ना तयार गरेर अनुकुल मौसममा सार्ने गरिन्छ। अहिले खेतमै पनि प्लाष्टिक टनेल प्रयोग गर्ने गरिएको छ। खेतमा प्लाष्टिक टनेल प्रयोग गर्दा उपयुक्त वातावरण नहुदा सम्म वीउ रोपेर वोट तयार गरिन्छ। वाहिरी वातावरणमा विरुवा बाँच्ने भए पछि प्लाष्टिक हटाईन्छ। यस तरिकाले एक देखि दुई महिना बाली छिटो तयार गर्न सकिन्छ।

**असार महिनामा गर्नु पर्ने कृषि कर्महरू**

१. पानीको सुबिधा भएको ठाउमा बीउ २० देखि २५ दिनको भएको छ भने रोपाई गर्न सकिन्छ। रोपाई गरे पछि ५ देखि ७ दिन सम्म हिलो सुक्न दिनु हुदैन।

२. धान रोप्ने जग्गा तयार गर्दा उचित मलखाद प्रयोग गर्नु पर्दछ। नाईट्रोजन, फस्फोरस पोटास संगै जिंक पनि प्रयोग गर्नु पर्दछ।

३. खेतमा हरियो मल ढैंचा वा अन्य वाली लगाएको छ भने हिलोमा ५ देखि ७ दिन कुहाउदा राम्रो हुन्छ।

४. यदि धानको वेर्ना २० देखि २५ दिन कटाउनु पर्ने छ भने दोहोरो रोपाई गरेर वेर्नाको आयु बढाउन सकिन्छ।

५. भटमास, मास र अरर लगाउन सकिन्छ।

६ पहाडी क्षेत्रमा टमाटरको वीउ राख्ने। विरुवा १५ देखि २५ दिनको भएको छ भने सार्ने। पानीवाट जोगाउनको लागि प्लाष्टिक घर बनाउने।

७ अगौटे जातको फूलगोबीको बेर्ना तयारीको लागि टनेल बनाएर वीउ छर्न सकिन्छ।

८. कोदो रोप्न बाँकी छ भने पहाडी र उच्च पहाडी क्षेत्रमा कोदो राप्ने।

१०. आँप, लिची, कटहर, कागती, अनार, नरिवल, सुपारी लगाएतका फफूलका बेर्ना कृषि शाखा संग माग गर्ने र उचित तरिकाले तयार गरेको खाडलमा रोप्ने।

पशुपालन

पशुपालनको लागि बिशेष ध्यान दिनु पर्ने हुन्छ।

१.माटे जुकाको औधषी खुवायको छैन वा तीन महिना पुगेको छ भने खुवाउने

२. खोप लगाउन वाकी छ भने पशु स्वास्थ्य प्रबिधिकको सल्लाह अनुसार गाई भैसीलाई भ्यागुते, चरचरे र खोरेतको खोप लगाउने, भेडा बाख्रामा पीपी आर खोप लगाउने।

३. खाली जग्गामा स्टाईलो घास छर्ने, कुलोको डिल तथा आली कान्लामा नेपियर, सेटेरिया जस्ता घासहरू लगाउने

४.टेओसेन्टी, मकै जस्ता घासहरू दुधिलो अवस्थामा छन् र धेरै छ भने पशु स्वास्थ्य प्राबिधिकको सहयोग लिएर साईलेज बनाउने

५. बाख्रा पालनको लागि डाले घास लगाउने

६.कुखुरालाई हावाको संचार राम्रो संग गराउनको लागि टेवल पंखा वा स्टेन पंखाको प्रयोग गर्ने

७. कुखुरालाई स्ट्रेसवाट बचाउन ग्लुकोजपानी र भिटामिन ई मिसिएको औषधी पानीमा मिसाएर दिने।

थप जानकारीको लागि पालिकामा रहेका पशु बिकास शाखा र कृषि बिकास शाखामा सम्पर्क गरेर सल्लाह लिने। email : kishankakura@gmail.com

# रामपुरमा फरक क्षमता भएकालाई कुखुराका चल्ला वितरण




**पाल्पा, असार,-** फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिलाई कुखुराका चल्ला वितरण कार्यक्रम रामपुरमा भएको छ। वडास्तरिय अपाङ्गता हेरचाह सहयोग समिति रामपुर नगरपालिका वडा नं ५ को आयोजनामा एक कार्यक्रमका बीच फरक क्षमता भएका व्यक्तिलाई आयआर्जनका लागि कुखुराको चल्ला वितरण गरिएको छ।

समितिका अध्यक्ष डिलमान सिं रानाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि कार्यपालिका सदस्य तथा वडा सदस्य सावित्रा गौतम, न्यायपालिका सदस्य तथा वडा सदस्य विष्णुप्रसाद बस्याल र वडा सदस्य माया नेपालीले बोल्दै फरक क्षमता भएपनि कुखुरापालन व्यवसाय गरी आयआर्जन बढाउन सकिने बताउनुभयो। अपाङ्गता हेरचाह कार्यक्रम अर्न्तगत वडाका ३० जना फरक क्षमता भएका व्यक्तिलाई गिरिराज जातको प्रतिव्यक्ति दश/दश वटा कुखुराका चल्ला वितरण गरिएको हो। सचिव भानुभक्त न्यौपानेले कार्यक्रमको संचालन समितिका गर्नुभएको हो।■

प्रादेशिक गुठी सम्बन्धी प्रादेशिक अन्तरक्रिया बुटवलमा

# गुठीको बैज्ञानिक व्यवस्थापन आवश्यक छः मुख्यमन्त्री पोखरेल




**कृषिपत्र खबरकर्मी**
बुटवल, असार।

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा प्रादेशिक गुठी व्यवस्थापना सम्बन्धी गोष्ठी, छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेकोको छ। कार्यक्रममाको उद्‌घाटन गर्दै मुख्य मन्त्री शंकर पोखरेलले गुठी सम्बन्धी व्यवस्थापनको जिम्मा संविधानतह प्रदेश सरकारको एकल सूचीमा रहेको भन्दै यसमा केन्द्र सरकारमा बहस हुन आवश्यक नभएको बताए।

उनले गुठी स्म्बन्धी स्पष्ट रूपमा नै संविधानले प्रादेशिक सरकारलाई अधिकार दिएको भन्दै यसमा सरकारले नै स्पष्ट रूपमा प्रदेश सरकारलाई व्यवस्थापनको लागि जिम्मा दिनुपर्ने धारणा राखे। मुख्य मन्त्री शंकर पोखरेलले गुठीको बैज्ञानिक बर्गिकरण आवश्यक रहेको भन्दै त्यसलाई आवश्यकता अनुसार बर्गीकरणतर्फ लाग्नु उपयुक्त भएको बताए।

धार्मिक , सामीजक, सास्कृतीक गुठीको अन्तर सबैले बुझ्नु आवश्यक रहेको भन्दै मुख्य मन्त्री पोखरेलले गुठीको जमिन अतिक्रमण हुन बाट जोगाउनुसबैको दायित्व भएको धारणा राखे।गुठीको जग्गा तथा सम्पत्ती धेरै तर आम्दानी थोरै रहने अवस्था नहन नहुने भन्दै मुख्य मन्त्री पोखरेलले यसको व्यवस्थापनमा पारदर्शीता र न्यायीकता आवश्यक रहेको बताए।

गुठीहरू निर्वाध रूपमा सञ्चालन हुन पाउनुपर्ने भन्दै उनले न्यायसम्मत किसीले व्यवस्थापनको खाचो रहेको बताए। गठीको जगर्ने गर्ने दायित्व सबैको रहेको मन्दै मुख्य मन्त्री पोखरेलले गुठी संरक्षणको उदेश्यमा बाधापुग्ने गरी भन्दा पनि संरक्षणमा अनुकुलता हुने गरी व्यवस्थापन गरिने जानकारी दिए। कुनै धार्मिक स्थाल, मठ, मन्दिर तथा अन्य कुनै पनि गुठीबाट सञ्चालनमा रहेका निकायहरूको संरक्षण प्रर्वद्धन गर्ने दायित्व प्रदेश सरकारको रहेको भन्दै मुख्य मन्त्री पोखरेलले प्रदेश सरकारको मातहतमा संविधान तह राखिएको कुरामा अनावश्यक रूपमा बहस आवश्यक नभएको बताए।कार्यक्रममा बोल्दै भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलले केन्द्र सरकारले गुठी व्यवस्थापन सम्बन्धी कानून निर्माण प्रक्रियामा रहेको भन्दै सोही अनुसार नै प्रदेश सरकारले नीति तथा कार्यक्रम ल्याउने बताईन्। उनले प्रदेश सकरारले बनाउदै गरेको गुठी सम्बन्धीत ऐन निर्माण गर्दा प्रादेशिक छलफलबाट आएका सुझावहरूलाई समेटर मात्रै प्रदेश सरकारले कार्य गर्ने बताईन्। उनले भनिन्-'हामी दस्तावेजको रूपमा प्रादेशिक गुठी ऐनमा छलफलको विषय समेट्छौ।'कार्यक्रममा गुठी विज्ञ, गुठी संस्थान सञ्चालक समितिका पुर्व अध्यक्ष लक्ष्मण ज्ञवालीले 'गुठीको संवैधानिक व्यवस्था र ससमाजिक टिपप्पी' गरेका थिए। उनले गुठीको परिचय, गुठी संस्थानको काम कर्तव्य, गुठीको बर्गीकरण, गुठी सञ्चालनका अभ्यास तथा अवधारणाको विषयमा मन्तव्य समेत राखेका थिए।

यस्तै गुठी विज्ञ तथा पुर्व सह प्रशाशक, गुठी संस्थानका हेमराज सुवेदीले'गुठीको परिचय, महत्व, कानुनी प्रवधान'को विषयमा कार्यप्रत्र प्रस्तुत गरको थिए। यस्तै भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का सचिव बैकुण्ठ अधिकारीले 'गुठी संस्थानका गतिविधिहरू, गुठीयार र तीन तहको सकाररको अन्तरसम्बन्ध' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

उद्‌घाटन सत्र भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलको अध्यक्षता तथा प्राविधिक सत्र समाजिक विकास समितिका सभापती दृग नारायण चौधारी, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव बैकुण्ठ अधिकारीको अध्यक्षतामा भएको थियो।

कार्यक्रमको सञ्चालन भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका उप सचिव, बरिष्ठ कृषि विकास अधिकृत विनोद घिमिरेको सञ्चालनमा भएको थियो। ■

# मासु व्यवसायीलाई ५० हजार जरिवाना



**कृषिपत्र खबरकर्मी**
नेपालगन्ज असार।

संयुक्त बजार अनुगमन टोलीले नेपालगञ्ज उप महानगरपालिका १४ भवानियापुर स्थित एक मासु बधशाला सन्चालकलाई ५० हजार जरिवाना तिराएको छ। नेपालगन्ज उपमहानगरपालिकामा बधशाला मासु पसल दर्ता गरेको तर वाणिज्य कार्यालयमा अलिम एण्ड हलिम मासु सप्लायर्सका रूपमा व्यवसाय सन्चालन गरेका मोहोम्मत आलिम कुरैसीलाई जरिवाना गराइएको हो।

कुरैसीले बाटोको छेउमा पशु बध गरी निस्केको फोहोर सडकछेउमा फालेको, साइनबोर्ड नराखेको र मुल्यसुचि पनि नराखेको पाइएपछि पहिलो पटकका लागी ५० हजार जरिवाना तिराइएको अनुगमन समितिका सदस्य समेत रहनुभएका वाणिज्य कार्यालय नेपालगन्जका निमित्त प्रमुख कृष्ण पौडेलले जानकारी दिनुभयो।

कुरैसीले अछामको हुदै नभएको पशु सेवा कार्यालय बाट समन्वय गरेर मासु सप्लायर्सको काम गरेको भनेपछि उनलाई अनुसन्धानका लागी प्रहरीले पक्राउ गरेको छ।

कुरैसिले देखाएको कागजपत्रको अनुसन्धान पछि मात्र छाड्न सकिने प्रहरीले जनाएको छ। कुरैसी र उनका सहयोगिले अनुगमनमा आएका टोलिमाथि अभद्र व्यवहार पनि गरेका थिए।केहि पसलहरूमा अनुगमन गरेको टोलिमा संघ, प्रदेश र स्थानीय सरकार मातहतमा रहेका सरोकारवाला जिल्ला प्रशासन कार्यालय बाँकेको प्रतिनिधि, उद्योग बाणिज्य तथा क्षेत्रीय प्रयोशला भैरहवाका प्रतिनिधि, पशु क्यारेन्टाइन कार्यालयका प्रमुख शितलबाबु श्रेष्ठ, भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र नेपालगन्जका पशु चिकित्सक गणेष पुन, नेपालगन्ज उप महानगरपालिकाको प्रतिनिधि, उपभोत्ता हित सम्रक्षण समिति, नाप तौल कार्यालय, खाद्य तथा प्रविधि गुण नियन्त्रण कार्यलय ,पत्रकार प्रहरी लगाएतको उपस्थिती रहेको थियो। अनुगमन टोलिले असार १२गते पनि विभिन्न खाद्य उद्योग तथा औषधि पसलहरूमा अनुगमन गरेको थियो।■

# यस्ता छन् प्रदेश ५...

कृषिभूमिको खण्डीकरणका कारणले उत्पादकत्व बढाउन कठिन भइरहेको स्थिति छ। यस समस्यालाई सम्बोधन गर्न र व्यावसायिक खेतीका लागि प्रोत्साहन गर्न चक्लाबन्दी सहितको नमूना फार्म स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रमको लागि रु ५ करोड विनियोजन गरेको छु।

बाँझो रहेका खेतीयोग्य जमिन भूमिहीन किसानलाई करारमा दिने कार्यक्रम अनुरूप चालू आर्थिक वर्षमा ३५९ बिगाह जमिनमा करार खेति भइरहेको छ। यस कार्यक्रमको महत्वलाई मनन् गर्दै भूमिहीन किसानको पहुँचलाई सुनिश्चित गर्न कार्याविधिमा परिवर्तन गरी सो कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस कार्यक्रमअन्तर्गत करारको पहिलो, दोश्रो, र तेश्रो वर्ष क्रमशः १०० प्रतिशत, ५० प्रतिशत र २५ प्रतिशत करार(भाडा ) प्रदेश सरकारले दिने ब्यबस्थालाई निरन्तरता दिएको छु। स्थानीय तहहरूको सहकार्यमा थप कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

भौगोलिक बिबिधताले दिएको तुलनात्मक लाभलाई उपयोग गर्दै फलफूलको उत्पादन बढाई आत्मनिर्भर हुन तराईका जिल्लामा आँप, मेवा, अनार र केरा तथा पहाड र हिमाली जिल्लामा कागती, सुन्तला, स्याउ आदिको व्यावसायिक उत्पादन गर्न प्रोत्साहन गर्ने नीति अनुरूप यस वर्ष २ लाख फलफूलका विरुवा रोप्नका लागि रु. ६ करोड विनियोजन गरेको छु।

कृषकले तरकारी उत्पादन गर्दा रोग, किरा, झार आदिको समस्यालाई समाधान गर्न उत्पादन प्रविधिलाई आधुनिकीकरण गर्ने उद्देश्यले प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द् धन कार्यक्रम सञ्चालन गरिनेछ। साथै, स्वस्थ्य एवम् गुणस्तरीय बिरुवाहरू समयमा प्राप्त नहुँदा कृषकहरूले भोगिरहेको समस्यालाई समाधान गर्न एवम् कृषि व्यावसायीकरणमा थप टेवा दिन टिस्यू कल्चर प्लान्ट स्थापनाको लागि आवश्यक रकम विनियोजन गरेको छु।

उत्पादित कृषि वस्तुहरूको उचित व्यवस्थापन, भण्डारण र बजारीकरणका लागि चालू आर्थिक वर्षमा छनौट भएका विभिन्न क्षमताका शीतभण्डारहरूको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। साथै भौगोलिक क्षेत्र विशेषको आवश्यकताका आधारमा नयाँ शीतभण्डारहरूको निर्माण समेत गर्नका लागि रु. ३५ करोड विनियोजन गरेको छु।

कृषियोग्य जमिनमा पानीको समस्या हुने क्षेत्रहरूमा नविनतम प्रविधिमा आधारित साना सिंचाइ कार्यक्रम ल्याइएको छ। यसका साथै खाद्य सुरक्षाको हकलाई सम्बोधन गर्न खाद्य भण्डारण गृह र सामुदायिक बीउ बैकं स्थापना गरिनेछ। यसवाट कृषि उत्पादन उत्पादकत्व र रोजगारीमा बृद्धि हुने अपेक्षा गरेको छु।

विशेष सम्भावना भएका बाली तथा बस्तुहरू खासगरी लसुन, प्याज, कागती, सुन्तला, बाख्रा र बङ्गुरको मूल्य श्रृखंलामा आधारित रही उत्पादनदेखि बजारीकरणसम्मका मिसन कार्यक्रम संचालन गर्न रु १८ करोड विनियोजन गरेको छु।

माछाको उत्पादन र उपभोग वृद्धिका लागि शुद्ध नश्लका माउ ब्यवस्थापन, भुरा उत्पादन, सघन मत्स्यपालन प्रविधि विस्तार, मत्स्य प्रजनन फर्म सुदृढीकरण, मत्स्य रोग अन्वेषण प्रयोगशाला स्थापना, मत्स्य प्रशोधन तथा दाना उद्योग संचालन तथा बजारीकरणसम्मका कार्यक्रम संचालन गरिनेछ। साथै पहाडी जिल्लामा ट्राउट तथा असला माछाको उत्पादन कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

निजी तथा सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्दै प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान, उत्पादन र व्रान्डिङ् गरी बजारीकरणलाई सहज बनाउन पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। कृषि तथा पशुपंक्षी क्षेत्रको औद्योगिकीकरणको लागि बाली, बस्तु तथा क्षेत्र विशेष मूल्य श्रृ लामा आधारित प्रशोधन केन्द्र तथा उद्योग स्थापनामा सहयोग गर्न रु ५ करोड विनियोजन गरेको छु।

कृषि पेशालाई सम्मानजनक पेशाका रूपमा स्थापित गर्न र कृषकहरूलाई सामाजिक सम्मान प्रदान र सहकारीलाई उत्पादनशील क्षेत्रमा क्रियाशील हुन प्रेरित गर्ने व्यवस्थाका लागि उत्कृष्ट कृषक तथा सहकारीहरूलाई प्रादेशिक पुरस्कार प्रदान गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

आयआर्जन, पोषण तथा खाद्य सुरक्षामा कमजोर देखिएका क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा गरिबी निवारण र खाद्य तथा पोषण सुरक्षा कार्यक्रम संचालनको लागि सरोकारवाला निकायसँग समन्वय गरी कृषिजन्य बस्तु, दूध, अण्डा र मासुको उपलब्धता तथा पहुंच बढाउने कार्यक्रम सञ्चालन गरिनेछ। खाद्य संस्कृतिको विकासका साथै रैथाने तथा स्थानीय बालीनाली तथा पशुपंक्षीको संरक्षण, संबर्द्धन र प्रयोग अभिबृद्धि गर्न उत्पादन प्रोत्साहन तथा रैथाने बालीहरूको बजार प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

उन्नत कृषि बाली, पशुपंक्षी तथा घांसेबालीहरूका श्रोतकेन्द्र स्थापनाका लागि रु ५ करोड ७० लाख बजेट विनियोजन गरेको छु।

कृषि र पशुपालन क्षेत्रमा विभिन्न प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षतिको न्यूनीकरण र उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिनेछ। किसानहरूलाई परेका समस्याहरूको तत्काल समाधान एवम् सूचनामा पहुँच बृद्धि गर्न एस.एम.एस सेवा तथा किसान कल सेन्टर संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।सञ्चालनमा रहेका भेटेरीनरी अस्पतालहरूको समयानुकूल सुदृढीकरण गरी भेटेरीनरी एम्बुलेन्समार्फत मोबाइल भेटेरीनरी सेवाका साथै बिरामी पशुपंक्षी भर्नासम्मका सेवा दिने कार्यक्रमको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु।

सहकारी क्षेत्रको पूँजीलाई घरेलु तथा साना उद्योग, कृषि उत्पादन, पशुपंक्षी विकास, फलफूल उत्पादन जस्ता क्षेत्रमा परिचालन गरी रोजगारी प्रवर्द्धन गर्न सहकारीमार्फत युवा तथा महिला उद्यमशीलता विकास कार्यक्रमका लागि रु. ८ करोड विनियोजन गरेको छु।

सहकारी सदस्यहरूमा उद्यमशीलता विकास गरी सहकारी विकास कोषमार्फत व्यवस्थित तरीकाले लगानी गर्नको लागि उचित व्यवस्था मिलाई आयमूलक कार्यक्रमहरू संचालन गर्न रु.१५ करोड विनियोजन गरेको छु।कृषि तथा पशुपंक्षीजन्य र मत्स्य व्यवसायलाई दिगो बनाउन र थप आकर्षित गर्न कृषकले उत्पादन गरेका उत्पादनका आधारमा लक्षित वर्गको बैंक खातामै अनुदान पुग्नेगरी प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्न रु.१५ करोड विनियोजन गरेको छु।

आगामी आर्थिक वर्ष भूमि व्यवस्था, कृषि तथा सहकारी क्षेत्रका लागि कूल रु. ४ अर्व ७ करोड व्यवस्था गरेको छु।■

# नमुना बाख्रापालनबाट...

'जापान, कोरिया गएर गर्ने पनि दुख हो, यहाँ गर्ने पनि दुख हो', उनले भन्छन् 'विदेशमा गर्ने दुख आफ्नै ठाउँमा आफ्नै परिवारसँगै गर्ने हो भने यहाँ पनि विदेशको जति कमाई गर्न सकिन्छ।' नेपालीले आफुहरूले संचालन गरेको व्यवसायलाई अझै प्रभावकारी ढंगले अगाडी बढाई युवाहरूलाई रोजगार दिन चाहेको बताउछन्।

उनीहरूको व्यवसायलाई देखेर गाउँमा भएका १/२ जना कृषकहरूले पनि बाख्राहरू पाल्न थालुेका छन्। आफ्नो व्यवसायले अरू स्थानीयहरूलाई समेत बाख्रापालनमा आकर्षण गर्न थालेको उनको भनाई छ। उनीले घरव्यवहार चलाएर मासिक रूपमा ५० हजारभन्दा बढी आम्दानी गर्दै आएका छन्। गाउँ घर मै बाख्रापालनबाट मासिक ५० हजारभन्दा बढी आम्दानी गर्ने नेपालीलले विदेश जाने युवाहरूलाई स्वदेश मै पनि लगानी र परिश्रम गरे राम्रो कमाइ गर्न सकिने बताउँछन्। उनले देशलाई माया गर्न सिक्नु पर्ने बताउँदै स्वदेश मै केही गर्ने उद्देश्य राखे सफल भइने बताउँछन्। नेपालीले दैनिक विदेश जाने युवाहरूलाई आफ्नै भूमिमा परिश्रम गर्न र समाज निर्माणमा लाग्न आग्रह गर्छन्।

यस्तै अर्का एक जना युवा उद्यमीले विदेशमा लामो समय बसेर स्वदेशमा आई पशुपालन क्षेत्रबाट राम्रो आम्दानी गदै आएका छन्। पोखरा महानगरपालिका-१३ अर्वाकै ४४ बर्षिय श्रीधर बराल यसका उदाहरण हुन। मणिदिप कृषी फार्म स्थापना गरी उनले गाउँमा नै मनग्य आम्दानी गर्दै आएका छन। आज भन्दा करिव १ बर्ष ६ महिना पहिला २४ वटा बाख्रा पालनबाट सुरु गरेका बरालले हाल ४५ वटा बाख्रा फर्ममा पुऱ्याएका छन्। हाल खनन, खरी( लामकाने)जमुनपारी, लगायत जातका बाख्रा बरालको फर्ममा रहेका छन्।

१२ बर्ष सम्म विदेशका विभिन्न भुमिका पसिना बगाएको उनको अनुभव रहेको छ। उनी भन्छन्-'विदेशमा धेरै पसिना बगाए अव स्वदेशमा नै रमाउछु, स्वदेशमा नै कमाउछु।' बाख्रा पालन गर्न केही ढुवानी लगायतका समस्या रहेको भएपनि उनले अव विदेश नजाने प्रण गदै बाख्रा पालनमा ध्यान लगाएका हुन। यस भन्दा पहिला उनले गाई फर्म समेत सञ्चालन गरेका थिए। तर लगानी उच्च आम्दानी न्युन भएपछि त्यसलाई हटाएर अहिले पुनः बाख्रा पालनमा जोड दिएका हुन। कृषि क्षेत्रमा राम्रो संभावना देखेको कारण यस क्षेत्रमान हात हालेको बरालको भनाई रहेको छ। बाख्रा विक्रिबाट एक लाख रूपैयाँ भन्दा बढि एभरेजमा मासिक आम्दानी बरालको रहेको छ।

विदशेमा गएर १२ घण्टा भन्दा बढि काम गर्नुभन्दा पनि स्वदेशमा नै काम गरेर आम्दानीको बाटो फराकिलो बनाउनको लागि लगानी गरिएको उनको तर्क रहेको छ। उनी भन्छन्-'नेपालमा नै सून फलाउन सकिन्छ , यसमा मिहिनेतको खाँचो छ, तर कुनै पनि कमी हुन दिन्न। ' कृषि क्षेत्रमा युवाहरूको सहभागीता बढाउनको लागि नेपाल सरकारको ठोस पहल आवश्यकता रहेको उनको तर्क रहेको छ।

उनी भन्छन्-'कृषि क्षेत्रमा युवाहरूको आर्कषण कम छ त्यसलाई बढाउनको लागि सरकारी तवरबाट नै पहलको थालनी हुन आवश्यक छ।' युवा लाई कृषिमा आर्कषण बढाउनको लागि यस्तो प्रकृतिको योजना अगाडी बढाउनुपर्ने उनको तर्क रहेको छ।

यसै वडामा अर्का अब्बल व्यवसायीको नाममा चिनिन सफल युवा ऋषी पराजुली (काजी) पनि विदेशमा लामो समय बसेर स्वदेशमा आई बाख्रापालनबाट राम्रो आम्दानी गदै आएका छन्। पराजुलीले बिगत ३ बर्षदेखी कृपा एण्ड कृषा कृषि फर्म स्थापना गरी गाउँमा नै राम्रो आम्दानी गर्दै आएका छन। आज भन्दा ३ बर्ष पहिला ५ वटा बाख्रा पालनबाट सुरु गरेको पराजुलीले हाल आधुनिक खोर बनाई जमुनपारी,बोयर,लोकल गरी ३२ वटा बाख्रा फर्ममा पुऱ्याएका छन्। नगर कै नमुना बस्ति,बन सँग जोडिएको गाँउ।

चारैतिर हरियो बनको क्षेत्र रहेको भु-भाग बाख्रापालानको लागी प्रसस्त स्याउला र घाँस भएको पोखरा महानगरपालिका-१३ को आर्वा भएकोले पनि बाख्रापालानमा समस्या नभएको उनि बताउँछन् बिदेशी भुमीमा लामो समय पसिना बगाएको उनको अनुभव रहेको छ। उनी भन्छन्- विदेश गएर गर्ने दुख स्वदेशमा गरे राम्रो कमाइ गर्न सकिन्छ। उनले अव विदेश नजाने प्रण गदै बाख्रा पालनमा ध्यान लगाएका हुन। जिल्लाबाट दैनिक १५० जनाले राहदानी बनाएर विदेश जान्छन् तर गर्न सके यहीं स्रोत र अवसर छ।

व्यावसायिक बन्न सके विदेश जानै पर्दैन न त जागिर खोजेर कतै भौंतारिनुपर्छ । पराजुलीले भने। 'जिल्लामा बाख्रापालनका लागि राम्रो सम्भावना छ, दिनप्रतिदिन मासुको मागलाई पूर्ति गर्न तथा नमुनाका रूपमा बाख्राको स्रोत केन्द्र स्थापना गरी जिल्लालाई चिनाउने मेरो लक्ष्य हो', पराजुलीले भने। उनि भन्छन् पैसा कमाउनका लागि विदेश र जागिर नै खानुपर्छ भन्नेलाई पाठ सिकाउन मैले व्यवसाय सुरु गरेको हो', उनीहरू जस्तै युवाहरू विदेश छोडेर स्वदेश मै केही गरे देशमा आर्थिक समृद्धि नहोला भन्न सकिन्न।

■

C M Y K

# छरुवा धान प्रविधिमा किसानको आर्कषण



**खगेन्द्र दाहाल**
बर्दिया , असार ।

बर्दिया गुलरीया १ पन्ध्र नम्बर गाउँका कालि प्रसाद थारु धान रोपाई गर्न व्यस्त छन। कालिप्रसादले आफ्नो खेतलाई खनजोत गरेर बुरबुराउदो बनाएर धानलाई रोपिरहेका छन। कालिप्रसादको छिमेकि दिपक थारुले भने धानको विउ हुर्काएर खेत हिलो बनाएर खेतला खेतभरी ढाकिने गरी लगाएर धान रोपाई धमाधमले गरीरहेका छन। दुबैको धान रोप्ने समय एकै छ।

तर दुवैको धान रोप्ने तरीका भने फरक फरक छन। दिपकले पुरानो सैलि अपनाएका छन भने कालिप्रसादले नयाँ प्रविधि अपनाएर धान लगाएका छन। कालि प्रसादको यस्तो काम देखेर दिपक मात्र नभएर अन्य किसानहरू पनि अचम्मित परेका छन। गत वर्ष साढे तिन कठ्ठा क्षेत्रफलमा सिट ड्रिल मेसिन मार्फत फुको धान विना हिलोमा रोपेका कृषक कालि प्रसादले हिलो बनाएको खेतको बराबर उत्पादन लिएपछि यस वर्ष २१ कट्ठा क्षेत्रफलमा आधुनिक प्रविधि अपनाएर सिट ड्रिल मेसिनले धान लगाएका छन। यसरी धान खेती गर्दा बाहिरी ज्याला मजदुरी राख्न नपर्ने, वीउ हुकाउर्न झन्जट नहुने, एक पटक छरे पुग्ने, लगाएको केहिदिनपछि झार नियन्त्रण गर्न एक पटक सम्म स्प्रे गरे पुग्ने भएपछि बर्दियाका किसानहरूको आर्कषण बढेको कृषि ज्ञान केन्द्र नेपालगन्जका प्रमुख सागर ढकालले जानकारी दिए। प्रमुख ढकालले सिट ड्रिल मेसिन मार्फत धान रोप्ने किसानले जमिन राम्रो सगं सम्याएर मात्र रोप्न सुझाव दिएका छन।

ढकालले सिट ड्रिल प्रविधि अपनाएर खेती गर्दा किसानलाई लागत खर्च कम लाग्ने र उत्पादन पनि राम्रै हुने भएकाले यसको उपयोगका लागी कृषि ज्ञान केन्द्रले पनि जोड दिइरहेको बताए। कृषि ज्ञान केन्द्रले स्मार्ट कृषि गाउँहरूमा यसको प्रर्दशन गरी किसानलाई यसको उपयोगिता बारे जानकारी गराएको छ। सिट ड्रिल मेसिन मार्फत धान छर्दा एक विगाहा क्षेत्रफललाई डेढ घण्टामा सकिने मल वीउको वचत हुने अर्का किसान मित्रलाल चौधरीले बताए। कालि प्रसाद र मित्रलाल जस्तै गाउँका कृष्ण चन्द्र यादव, मनमाया गुरुङ्गले पनि सिट ड्रिल मेसिन मार्फत धान खेती गरेका छन।

किसानलाई सुसुचित गराउन सिमिट परियोजनाले सिट ड्रिल मेसिनको प्रयोग र उपयोगिता बारेमा प्राविधिक सहयोग गरेको छ। बर्दिया गुलेरीया नगरपालिका वडा नम्बर १, ३, ७ का साथै राजापुर नगरपालिका, गेरुवा नगरपालिका, ठाकुरबाबा नगरपालिका लगाएत क्षेत्रका किसानहरूले अहिले सिट ड्रिल मेसिन मार्फत धान खेती गरीरहेका छन।

मुख्यत किसानको धानखेतीमा लागत कम लाग्ने भएपछि यसतर्फ आर्कषण बढ्दै गएको सिमिट सिसाका प्राविधिक यमराज अधिकारीले जानकारी दिए। ■

# व्यवसायिक किसानले अनुदान पाउँछन: मन्त्री पौडेल



बुटवल, असार ५। प्रदेश नम्बर पाँचकी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलले प्रदेश सरकारले किसानका लागि वितरण गरेको अनुदान लक्षित वर्गसम्म पुगेको दावी गरेकी छन्। केही किसानहरूले अनुदान टाठाबाठा र आफन्तलाई मात्र जाने गरेको गुनासो गरे पनि त्यस्तै नभएको स्पष्ट पारिन।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बुटवलमा आयोजना गरेको 'मिल्क होलिडे' तथा बजारीकरण सम्बन्धी अन्तरक्रिया तथा गोष्ठीमा बोल्दै उनले भनिन् 'पहुँच र शक्तिको आधारमा होइन। वास्तविक किसानको घर/घरसम्म अनुदान पुऱ्याउँदैछौं। तर एकै पटक होइन। विस्तारै विस्तारै सबै किसानले अनुदान पाउछन। सरकारले पहुँच र शक्तिका आधारमा होइन। वास्तविक किसानलाई नै अनुदान दिन्छ।'

उनले यस वर्ष १ सय ८४ जना किसानलाई अनुदान वितरण गरेको बताइन्। 'अर्को वर्षदेखि शुलभ कर्जा अनुदान कार्यक्रम सञ्चालन गर्छौं' मन्त्री पौडेलले भनिन्, 'मिसन कार्यक्रम युवा लक्षित कार्यक्रम विद्यार्थी किसान कार्यक्रम पनि ल्याएर यहाँको युवालाई व्यवसायिक कृषिमा लगाउने प्रदेश सरकार र मन्त्रालयको योजना छ।'

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख डा. प्रदीप शर्माले प्रदेश पाँचमा दूध उत्पादन सन्तोषजन रहेको प्रस्तुति देखाए। उनले दूधबाट घातक रोगहरू समेत लाग्ने भएकोले प्रशोधित दूध मात्र खानुपर्ने जानकारी गराए।

कार्यक्रममा दूध उत्पादक सहकारी संस्था रूपन्देहीका अध्यक्ष लेखानाथ पाण्डेले समय समयमा दूधको अनुगमन गर्न आवश्यक रहेको बताए। कार्यक्रममा दूध उत्पादक सहकारी संस्था कपिलवस्तुका सदस्य राधेश्याम न्यौपाने, विष्णु अर्याल, द्धाणराज सुवेदी लगायतले बोल्दै वास्तविक किसानलाई अनुदान दिनुपर्ने बताएका थिए। ■

# स्थानीय उत्पादन राष्ट्रिय स्तरमा नै जोडिनुपर्छ :




**कृषिपत्र खबरकर्मी**
असार ८, पाल्पा

रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत बाबुराम अर्यालले कृषकको आयस्तर बृद्धि गर्न उत्पादन गरेका वस्तु राष्ट्रिय स्तर सम्म पुऱ्याउन सक्नुपर्ने बताउनुभयो। कृषकले स्थानीय बजारलाई मात्र केन्द्रित गरेर व्यवसाय संचालन गरेका कारण आर्थिक क्षेत्रमा मेहनत र लगानी अनुसारको आम्दानी लिन नसकिरहेको उहाँले बताउनुभयो।

पाल्पाको रामपुर नगरपालिका वडा नं ८ मा संचालित लक्ष्यधेनु उन्नत गाईपालन फार्मले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै प्रमुख प्रशासकिय अधिकृत अर्यालले स्थानीय उत्पादनले रामपुर नगरपालिकालाई मात्र नभई विभिन्न जिल्ला हुदै राष्ट्रिय स्तरमा नै जोडिन पुग्ने गरी उत्पादन गर्न सकियो भने आयस्तर बृद्धि मात्र नभई कृषकको पहिचान बढ्ने बताउनुभयो। "पशुपालन गरेर आत्मनिर्भरता कायम गर्न सकियो भने बाहिरबाट निर्यात हुने उत्पादन कम भई स्थानीय उत्पादनले बजार पाउनेछ, यहाँको उत्पादन कम भएका कारण बाहिरबाट ठुलो परिमाणमा विभिन्न वस्तुहरू भित्रिरहेका छन्" उहाँले भन्नुभयो।

पशु विकासका कार्यक्रमका सन्दर्भमा नगरपालिकाले छलफल गर्ने तयारी गरिरहेको बताउँदै किसानको नीतिहरू कसरी पारित गर्न सकिन्छ भन्ने विषयमा नगरपालिकाले चिन्तन मनन् गरिरहेको प्रमुख प्रशासकिय अधिकृत अर्यालको भनाई थियो।

पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयको सहकार्यमा संचालन गर्ने गरी दुध संकलन केन्द्रका लागि आवश्यक उपकरण सहयोगस्वरूप २६ लाख बराबरको योजना परेको छ। जसअन्र्तगत फार्म संचालकको १३ लाख र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयको १३ लाख रहेको छ। सो रकम दुध संकलन केन्द्रका लागि आवश्यक पर्ने उपकरण खरिदमा खर्च गर्ने फार्म संचालक गणेश आचार्यले बताउनुभयो।

"रामपुर क्षेत्रमा पशुपालन गर्ने कृषकको संख्या बढ्दै गएको छ, स्थानीय स्तरमा उत्पादित दुधलाई संकलन गरी बजारमा बिक्रि गर्दै आइरहेका छौं" आचार्यले भन्नुभयो।

कार्यक्रममा वडा अध्यक्ष बोमबहादुर नामजाली, पशु विकास शाखा रामपुरका प्रमुख मोहनप्रसाद भट्टराई, सीताकुण्ड दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष कमलराज भट्टराई, श्रीकृष्ण उन्नत भैसी विकास तथा विउ विजन स्रोतकेन्द्रका संचालक कृष्णकुमार अर्याल लगायतले बोल्दै रामपुर क्षेत्रमा दुधको मात्रा बढ्दै गइरहेको बताउँदै पशुपालनमा कृषकको आकर्षण पछिल्लो समय क्रमिक रूपमा बढ्दै गएको बताउनुभयो।

व्यवस्थित रूपमा दुध संकलन गर्ने, शुद्ध, सफा दुध बिक्रि, मिल्क होलिडे समस्या न्युनिकरण गर्ने, कृषकहरूमा पशुपालन प्रति रुची बढाई बेरोजगार युवालाई स्वरोजगारमा अभिप्रेरित गर्ने, सन्तुलित मानव आहाराको आपूर्ति गर्ने उद्धेश्यका साथ कृषकको घर घरमा पुगेर दुध खरिद गरी बजारमा खपत गर्दै आइरहेको संचालक माधव आचार्य बताउनुहुन्छ।विभिन्न स्थानमा दुध संकलन केन्द्र स्थापना गरी दैनिकजसो एक हजार पाँच सय लिटर संकलन गर्ने, दैनिक सात सय लिटर बराबरको दुध बिक्रि वितरण गर्ने, उन्नत नश्लका गाई, भैसी उत्पादन गर्न प्रोत्साहन गर्ने लक्ष्यका रहेको आचार्यले बताउनुभयो।

फार्म संचालक चन्द्रमाया आचार्यको स्वागतबाट सुरु भएको कार्यक्रम गणेश आचार्यको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रम संचालन हरिप्रसाद सिग्देलले गर्नुभएको थियो।■

# तिलोत्तमाले मनायो वृक्षारोपण दिवस



तिलोत्तमा, असार रूपन्देहीको तिलोत्तमा नगरपालिकाले राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा शनिबार वृक्षारोपण गरेको छ। ग्रीन तिलोत्तमा : क्लिन तिलोत्तमा नाराका साथ सरसफाई र हरियाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको नगरपालिकाले दिवसको अवसरमा सिक्सलेन सडकको भलवारीमा वृक्षारोपण गरेको हो।

नेपालमा हरेक वर्षको असार १४ गते वृक्षारोपण दिवस मनाउने गरिन्छ। नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७६/७७ लाई वृक्षारोपण वर्षको रूपमा मनाउने निर्णय गरेको छ। तिलोत्तमा नगरपालिकाले दिवसको अवसरमा सिक्सलेनको ग्रीनरी जोनमा स्टोनियाका झण्डै दुई सय पचास विरुवाहरू रोपेको हो।वृक्षारोपणको सुभारम्भ गर्दै नगर प्रमुख बासुदेव घिमिरेले रोपिएको विरुवाको भविष्यमा गर्नुपर्ने हेरचाहमा समेतमा सबैको ध्यान पुग्नुपर्ने बताउनुभयो। तिलोत्तमा नगरपालिकाले गत वर्षबाट वृक्षारोपण सप्ताह आयोजना गर्दै आएको र यो वर्ष साउन १ बाट वृक्षारोपण सप्ताह सञ्चालन हुने जानकारी गराउँदै नगर प्रमुख घिमिरेले आफ्नो घरआँगन, खाली भू–भाग तथा उपयुक्त स्थानमा फलफूल तथा वनस्पतिका विरुवाहरू रोप्न सम्पूर्ण नगरबासीलाई आग्रह गर्नुभयो।

विगत वर्षमा जस्तै यो वर्ष पनि नगरबासीलाई वृक्षारोपण सप्ताहको अवसरमा अनुदानमा विरुवाहरू उपलब्ध गराइने जनाउँदै उहाँले टोल विकास संस्था तथा वडा कार्यालयमा सम्पर्क राखेर अनुदानमा विरुवाहरू पाइने बताउनुभयो।

दिवसको अवसरमा सम्पूर्ण नगरबासीलाई कम्तिमा दुई विरुवा रोपी त्यसको हेरचाह समेत गर्न अनुरोध गरेको नगरपालिकाले जन्मदिनमा कम्तिमा एउटा विरुवा रोपौं भन्ने अभियान समेत सञ्चालन गर्दै आएको छ। बेगनबेलियालाई सिटी फ्लावर निर्धारण गरेको तिलोत्तमा नगरपालिकाले सिक्सलेन सडकमा स्थानीय बासिन्दासँगको सहकार्यमा सघन हरियाली प्रवर्द्धन अभियान सञ्चालन गरेको छ।कार्यक्रममा नगर उपप्रमुख जागेश्वरी चौधरी, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटालगायतले वृक्षारोपण महत्व र नगरपालिकाको योजनाको बारेमा जानकारी गराउनु भएको कार्यक्रम वडा नं. ७ का कार्यवाहक वडाध्यक्ष देवीप्रसाद पंगेनीको अध्यक्षता र प्रवक्ता सुरेन्द्र श्रीको सञ्चालनमा भएको हो ■

# धान खेतमा हाँस पालन कसरी गर्ने ?



धान खेतमा हाँस पालन एक एकिकृत खेती प्रविधि हो। साना कृषकहरूले कम लागतमा प्रांगारिक धान उत्पादन गर्न यो उपयुक्त प्रविधि हो। विश्वका विभिन्न मुलुकहरू जस्तै जापान, बंगलादेश, फिलिपिन्स, भियतनाममा धान खेतमा हाँस पालन एक सफल खेती प्रविधिको रूपमा लिइन्छ।

नेपालमा हालसम्म यस बिषयमा कुनै पनि अनुसन्धान र परिक्षणहरू भएको पाइदैन। तर नेपालका केहि स्थान र समुदायमा घर वरपर सानो संख्यामा हाँस पालन गर्ने परम्परा रहेको पाईन्छ।नेपालको तराईका जिल्लाहरूमा यस किसिमको खेती प्रविधिको राम्रो सम्भावना रहको छ। हाँस पालन गर्ने समुदायको लागि यस किसिमको एकिकृत खेती प्रविधि अझ उपयुक्त हुन्छ।साना किसानहरूको लागि यो प्रविधि उपयुक्त हुने हुनाले पि्हला एक कठ्ठा जग्गामा खेती सुरु गरि त्यसपछि व्यवसायिक रूपमा बढि जग्गामा गर्न सकिन्छ।

प्राक्टिकल एक्शनद्वारा चितवन जिल्लामा पहिलो पटक गरिएको धान खेतमा हाँस पालन सम्बन्धि परियोजनाले नेपालमा पनि यस किसिमको खेती प्रविधि सामाजिक, आर्थिक र वातावरणीय हिसाबले सफल हुने पुष्टि गरेको छ।

**धान खेतमा हाँस पालन कसरी गर्ने ?**

धान खेती सँगै हाँस पालन गर्न विभिन्न कुराहरूमा ध्यान दिनुपर्छ र सोहि अनुसार पूर्व तयारीहरू पनि गर्नुपर्छ। यस किसिमको खेती प्रविधिमा अलिकति बढि मेहेनत लागेपनि धेरै फाइदा हुन्छ। विशेषगरि धान खेतको व्यवस्थापन, हाँसको व्यवस्थापन र धानबालीमा हाँस छोड्दा रेखदेख र निरिक्षण कार्यमा ध्यान पुर्याउनुपर्छ।

**धान खेतको व्यवस्थापन**:

यस खेती प्रविधिको लागि सबै भन्दा पहिला उपयुक्त जग्गा र धानको जात छनौट गनुपर्छ। धान खेतको व्यवस्थापन महत्वपूर्ण हुने भएकोले त्यसको व्यवस्थापनको लागि निम्न कुराहरूमा ध्यान पुर्याउनु पर्दछ।

**रासायनिक मल तथा विषादिका प्रयोग नगर्ने**:

धान खेतमा कुनै पनि रासायनिक मल तथा विषादिको प्रयोग गर्नु हुँदैन। गोठे अथवा कम्पोष्ट मल हाल्न सकिन्छ।

रासायनिक मल तथा विषादिको प्रयोगले हाँसलाई नोक्सान पुर्याउँछ र हाँसलाई चाहिने खानेकुरा पनि प्राप्त हुँदैन।धानमा कुनै रोगकीरा लागेमा प्राविधिकको सल्लाह अनुसार उपचार गराउनु पर्दछ।

**धानको जात छनौट**:

यस खेती प्रविधिको लागि धानको जात छनौट गर्दा अग्लो, मोटो, गहिरो पानी सहन सक्ने र मिलेसम्म ढिलो पाक्ने जातहरू छनौट गर्नुपर्दछ। स्वर्णा सब-१, साँवामसुली, मकवानपुर-१, साबित्री, मन्सुली आदि धानका जात उपयुक्त हुन्छ।

**जग्गा छनौट**:

धान खेतमा हाँस पालन गर्नको लागि सबैभन्दा पहिला उपयुक्त खेतको छनौट गर्नुपर्छ। यसको लागि दोमट चिम्ट्याइलो खालको अथवा पानी धारण गर्ने शक्ति भएको माटो बढि उपयुक्त हुन्छ।हाँस दिनभर धान खेतमा चर्ने भएकोले निरन्तर पानी लागिरहने खेत हुनुपर्छ।सकेसम्म घर वरपर रहेको खेत छनौट गर्नुपर्दछ।

**खेतको घेराबन्दी**:

हाँसलाई खेतबाट बाहिर जान रोक्न तथा न्याउरी मुसा, वन बिरालो आदिबाट जोगाउन खेतको घेराबन्दी गर्नुपर्दछ।घेराबन्दी गर्नको लागि खेतको डिल चौडा र अग्लो बनाउनुको साथै डिलको चारैतिर ३-४ फिट अग्लो जाली लगाउन वा बारबन्देज गर्नुपर्दछ। बारबन्देजको लागि स्थानीय स्तरमा उपलब्ध हुने बाँस, पटुवा, नरकट, प्लाष्टिक, असुरोको डाँठ, खडाई, मकैको ढोड, काँस आदिको प्रयोग गर्दा सस्तो पर्न जान्छ।खेतको तयारी र धान

**रोप्ने तरिका**:

आफ्नो तरिका र सुविधा अनुसार खेतलाई राम्रोसँग हिल्याइ सम्याउनु पर्दछ।खेतमा रासायनिक मल तथा विषादिको प्रयोग नगरी तर सिफारिस गरिएको मात्रा अनुसार (१८ डोको प्रति कठ्ठा) गोठे अथवा कम्पोष्ट मल हाल्न सकिन्छ। तयारी खेतमा धान लाइनमा मिलाएर रोप्नु पर्दछ जसले गर्दा हाँसलाई खेतमा चर्न सजिलो हुन्छ र धानलाई पनि नोक्सान पुग्दैन। धान रोप्दा एक लाइन देखि अर्को लाइनको दुरी कम्तीमा ४० सेन्टिमिटर हुनुपर्दछ। बोट देखि बोटको दुरी कम्तीमा २५ सेन्टिमिटर फरक गर्नुपर्दछ। २ देखि ३ वटा बेर्ना प्रति हिल/गाँजका दरले रोप्नु पर्दछ।

**पानीको व्यवस्थापन**:

हाँस दिनभर धान खेतमा चर्ने भएकोले पानीको निरन्तर व्यवस्थापन गरिरहन अत्यन्त आवश्यक छ। घमाइलो, सिंचाई तथा निकासको राम्रो व्यवस्था हुन सक्ने खालको खेत राम्रो हुन्छ।बाहिरबाट आउन सक्ने बाढी रोक्ने व्यवस्था मिलाउनु पर्दछ।

**धानको बाली कटानी**:

धानको बाली पाकिसकेपछि कटानी गर्ने बेलामा अरू धान बाली जस्तै प्रकृयाबाट काट्न सकिन्छ।■

# धान खेतमा माछापालन गर्ने तरीका

केही वर्ष पहिलेसम्म हामी सबैले खोलाको माछा मारेर खाने गर्दथ्यौं भने आजकाल आ-आफ्नै घरमा पोखरी तयार गरी माछापालन शुरु गरेबाट जताततै माछा पाउन थालिएको छ।

यो निश्चय पनि मांसहारी व्यक्तिहरूका लागि खुशीको कुरा हो। तर वर्षेनी सबै ठाउँका राम्रा, सिंचाईयुक्त खेतबारीहरूमा यही रफ्तारमा पोखरीहरू खन्दै जाने र केही बचेका सडक छेउका खेतबारीहरू पनि प्लटिङ गरी घर निर्माण हुँदै जाने हो भने खेती गर्ने जमिन कति पो रहला र ? यो एउटा चिन्ताको विषय बन्न पुगेको छ।यदि हामीहरूले माछा नै पालन गर्ने हो भने पोखरी नै किन पो खन्नुर्पयो र ? धानको खेतमै माछा पालन गरे भइहाल्यो नि। यसबाट न जमिन नै नोक्सान हुने न त बढी नै खर्च बेहोर्नुपर्ने।



त्यसैले गर्दा सिंचाई सुविधा भएका खेतहरूमा धानसँगै माछा पनि पालन गर्ने हो भने धान खेतको झारपात पनि नियन्त्रण हुने, धानबालीलाई नोक्सान पुर्याउने कीराहरूको नियन्त्रणमा पनि सहयोग पुग्ने र धानको उत्पादन पनि बृद्धि हुने।

त्यसैले किन पो पोखरी नै खनेर माछापालन गर्ने त ? बरु अबदेखि धान खेतमै माछा पालन शुरु गरे भइगो नि। त्यसैले पानीको सुविधा भएको खेतका कृषकहरूले अहिलेदेखि नै धान खेतमा माछापालन गर्न शुरु गरेमा धानको पनि राम्रो उत्पादन बढ्ने र माछाबाट पनि थोरै लगानीमा राम्रो फाइदा हुन सक्ने देखिन्छ।

आजकाल धेरैजसो कृषकहरू तरकारी, अन्नबाली खेतीलाई छाडी माछापालनतर्फ आकर्षित देखिएका छन् तर कतिपय कृषकहरू सँग पोखरी खन्ने क्षमता नभएको हुँदा माछा पालन गर्ने तीब्र इच्छा हुँदाहुँदै पनि आफ्नो इच्छा मारेर बसेको देखिएको छ। त्यस्ता कृषकहरूका लागि यो प्रविधिले धेरै उत्साह जगाउने छ भन्ने विश्वास लिइएको छ।

धान खेतमा माछा पालन गर्न सजिलो र सरल प्रविधि भएर पनि प्रचार प्रसारको कमीकै कारण यसको विकास हुन सकेको छैन, यसमा सम्बन्धित निकायले प्रचारप्रसार र तालिमको व्यवस्था मिलाउन सकेमा यसबाट जमिनको बचावट हुनुका साथै कम खर्चमा राम्रो आम्दानी लिन सकिने देखिन्छ।

**जग्गाको छनोट** :

प्रायस्जसो सबै किसिमको माटोमा माछापालन गर्न सकिन्छ। तैपनि चिम्टाइलो, पाँगो मिसिएको र पानी अड्ने खालको खेत हुनु जरुरी छ। चाहेको बेलामा पानी उपलब्ध हुने भरपर्दो स्रोत पनि आवश्यक छ। वर्षाको समयमा बाढी पस्ने, कटान हुने र घरदेखि धेरै टाढा दैनिक रेखदेख पुर्याउन नसक्ने ठाउँको खेत छनोट गर्नुहुँदैन। यस्ता ठाउँमा माछापालन गर्दा त्यति फाइदा लिन सकिदैन, तसर्थ घरको नजिकमै धेरै राम्रो मानिन्छ।

ट्रेन्च (खाडल) निर्माण गर्ने तरिका :

पोखरीमा पालिने माछाहरूलाई भन्दा धान खेतमा पालिने माछालाई पक्कै पनि धेरै कुराहरूबाट आपत, विपत पर्न सक्छन्। त्यसैले गर्दा माछालाई बचाउन जोगाउनको लागि गहिरो खाडल आवश्यक पर्ने हुन्छ, त्यस्तो खाडल भएमा त्यसैमा लुकी आफ्नो ज्यान जोगाउन सक्छन्। त्यस्तो पानी जम्मा गर्ने खाडल खन्ने प्रविधिलाई नै ट्रेन्च अथवा खाडल निर्माण गर्ने भनिन्छ।

यस्तो ट्रेन्च निर्माण खेत जोताई गर्ने बेलामा नै गर्नुपर्दछ। यसको निर्माणले



धान खेत सुख्खा परेको बेला, चोरी चकारी पशुपंक्षी, सार्प आदिबाट हुन सक्ने संकटबाट बच्न त्यही ट्रेन्च अथवा खालको पानीमा बसी आफ्नो सुरक्षा गर्ने गर्दछन्।

यस्तो खाडल निर्माण गर्दा माछा पालन गर्ने खेतको आलीको भित्र पट्टीबाट एक फिट गहिरो दुई फिट चौडाइ भएको लामो खाडल खन्नुपर्दछ। यस्तो खाडल लामो अथवा १-२ ठाउँमा गोलो खाडल जस्तो खनेर पनि तयार गर्न सकिन्छ। खेतमा पानी छैन भने खाडलमा पानी भएमा त्यसैमा भूरा स्टक गरी राख्न पनि सकिन्छ। पछि पानी भएपछि भूराहरूलाई खेतमा राख्न सकिन्छ। त्यसैले ट्रेन्च (खाडल) बनाउनुको मुख्य उद्देश्य यही नै हो।

**आलीको बनावट**:

अब अर्को मुख्य कुरा के छ भने यदि धानखेतको आली ठूलो, अग्लो भएन भने भूराहरू भाग्न सक्छन्। तसर्थ धान खेतको आली ठूलो बनाउनुपर्ने हुन्छ। आली कमजोर भयो भने भत्किन पनि सक्छ। त्यसैले आलीको उचाइ र चौडाई एकदेखि डेढ हातसम्मको हुनै पर्दछ, यसरी तयार गरेको आली पछि सम्मलाई मजबुत हुन्छ।

पानीको प्रवेशद्वार र निकास द्वारको प्रबन्धस धानखेतमा माछापालन गर्दा होस् या पोखरीमा यी दुबैका लागि पानी आउने बाहिर जाने दुबै ठाउँमा पाइप राखी त्यसमा जाली बाँधिदिनुपर्दछ। यसले गर्दा, बाहिरी माछा र अन्य केही वस्तुहरू खेतमा पस्न पाउदैनन् र खेतभित्रका माछाहरू पनि बाहिर बगेर जान पाउँदैनन्, त्यसैले दुबै तर्फको पाइपमा जाली लगाउनैपर्ने हुन्छ।

**धान खेतको तयारी** :

माथि बताएअनुसारका सम्पूर्ण कार्यहरू पूरा भएपछि मात्र धान रोप्नको लागि खेतको तयारी गर्नुपर्दछ। धान रोप्नुभन्दा पहिले हिल्याउने बेलामा गोवर मल १०० केजी, युरिया १ केजी र डिएपी एक केजी प्रतिकठ्ठाको दरले प्रयोग गरी जोतिदिनुपर्दछ। यस्ता माछापालन गर्ने खेतको लागि ढिलो पाक्ने जातका धानका बेर्ना रोप्नु राम्रो हुन्छ।

जस्तै मसुली, सावित्री, राधा र वर्षे २ या ४ मध्येमा कुनै एउटा जात रोप्न सकिन्छ। धानको बीऊ रोपाइँ गर्दा प्रतिगाँजमा २२३ वटा बेर्ना रोप्ने र एक बोटदेखि अर्को बोटको दूरी २० देखि २५ सेन्टिमिटरको फरक हुनुपर्दछ। धेरै बाक्लो रोप्नुहुँदैन।

**माछा भुरा छाड्ने तरीका**:

धान रोपेको १५ देखि २० दिनपछि २५ देखि ५० ग्राम साइजका माछाका भुराहरू ल्याई धान खेतमा छाड्नु (राख्नु) पर्दछ। यदि फार्ममा प्राप्त भएमा ५० ग्राम भन्दा ठूला भूरा पनि राख्न सकिन्छ। ठूला भुरा राख्दा चाडै हुर्किने हुँदा सानो भन्दा ठूलो नै राख्नु फाइदाजनक देखिन्छ। धान खेतमा माछा राख्दा कमन कार्प जात मात्रै राख्नु राम्रो हुन्छ।

अन्य जात राख्नु उपयुक्त हुँदैन्। जब माछा भुराको प्याकेटहरू ल्याइन्छ त्यस समयमा तुरुन्तै खोलेर खेतमा छाड्नुहुँदैन प्याकेटलाई खेतको पानीमा आधा घण्टा सम्म रहन दिई, त्यसपछि प्याकेटको मुख खोली सुस्तसँग भुराहरूलाई आफै जान दिनुपर्दछ, स्वात्त खनाउनु हुँदैन।

यसरी सुस्त जान दिदा त्यस खेतको पानीको तापक्रम समायोजन हुन जाने हुन्छ र भुराहरू पनि मर्न पाउँदैनन्। यदि प्याकेटलाई ल्याउने बित्तिकै खेतमा छाड्ने गर्दा, तापक्रम मिल्न नसकी भुराहरू मर्न सक्छन् तसर्थ यस्तो कार्य कदापि गर्नुहुँदैन। कमन कार्पको भुरा एक कठ्ठाका लागि लगभग एक सय ५० देखि दुई वटासम्म (ठूलो भुरा) आवश्यक पर्दछ। यो भन्दा बढी राख्नु फाइदाजनक हुदैन। कमन कार्प माछा दुई किसिमका हुन्छन्।

एउटा शरीरभरि कत्ला भएको र अर्को कम कत्ला भएको यी दुबै जातका माछाहरू चेप्टो सुनौलो रंगका हुन्छन्। यी माछाले पीँधमा बसी स-साना कीरा, लेउ, कुहिएको झारपात खाने गर्दछन्। त्यसैले यो कमन माछालाई सर्वभक्षी माछा भन्ने गरिन्छ।

यो माछा ५र६ महिनामा सरदर आधादेखि एक केजीसम्मको हुनेगर्दछ। यो माछाले कुहिएको झारपात खाइदिने भएकाले धानको उत्पादनमा पनि राम्रो बृद्धि हुने गरेको पाइएको छ।

**माछाको दाना** :

साधारणतया कमन कार्प माछाका भूरालाई धान खेतमा पाल्दा त्यहीं नै प्रशस्त आहारा प्राप्त हुने भएको हुँदा बाहिरी आहाराको त्यति जरुरत पर्ने देखिदैन, तैपनि बाहिरबाट दाना दिदा माछा भूराहरू छिटो-छिटो बढ्ने भएको हुनाले, दाना दिदा लाभदायक नै हुन्छ।

दाना दिदा बाहिरको नदिई आफ्नै घरमा बनाएर दिन सकिन्छ। दाना बनाउँदा धानको ढुटो ५० प्रतिशत, गहुँको चोकर १० प्रतिशत, तोरीको पिना (खली) ४० प्रतिशतलाई एकै ठाउँमा मिलाई १०० प्रतिशतको दाना बनाउने र थोरै-थोरै (२-३ माना) जतिलाई पानीमा मुछेर डल्लो बनाई, प्रत्येक दिन एउटै समयमा एउटै ठाउँमा उक्त डल्लोलाई राखिदिने गरे सबै माछाले दाना पूरै खान सक्छन्।

अन्यथा यत्रतत्र छरिदिएमा या राखि दिएमा त्यति खान पाउदैनन् र खेर जाने हुन्छ। एकै ठाउँमा दाना दिदा भुराहरू पनि त्यही समयमा त्यही ठाउँमा जम्मा भई खाने गर्दछन्। यसबाट माछा भुरा के कति छन् भन्ने पनि थाहा पाउन सकिन्छ।

यदि माछापालक कृषकहरूले माथिका बँदा हरूलाई ध्यान दिई धान खेतमा माछा पालन गर्ने हो भने एकै ठाउँबाट दुई बाली उत्पादन सजिलै लिन सक्छन्। अब आफै सोचौं धान खेतमा पालन गर्ने कि पोखरीमा ? एक पटक यो प्रविधि अपनाएर त हेर्नु होस् तब मात्र थाहा पाउन सक्नुहुनेछ।

*(यो सामाग्री कृषि गुरूबाट लिइएको हो।)* ■

# छपिया फिसभिलेज, 'मत्स्य पर्यटकको हब'

**कृषि पत्र खबरकर्मी**
बुटवल, असार।



गौरव गौतम
सञ्चालक



माछा पोखरीको विचमा आर्कषक मौलिक टौवा। कञ्चन पानी मा खेल्दै गरेका माछा। सोही पानी पोखरीमा बसेर फाईबरको डुंगा खियाउँदै, माछा फिसिंङ्ग गर्ने रहर कस्को नहोला। यस्तो प्रकृतिक वातावरणमा रमेर प्रकृतिमै घुलमिल हुने रहर पुरा गर्नको लागि रुपन्देहीको सियारी गाउँ पालिका वडा नम्बर-४ छपिया पण्डीतपुरमा रहेको छपिया फिस भिलेज।

माछाको राजधानीको रुपमा पहिचान बनाएको रुपन्देहीको छपिया क्षेत्रमा पछिल्लो समयमा आर्कषक माछा रिर्सोट रेष्टुरेन्टहरु खुलेका छन्। तर यसमा पहिलो पटक माछाका परिकार खान सिकाउने रिर्सोटको रुपमा पहिचान बनाएको छपिया फिस भिलेज रिर्सोट अन्य भन्दा फरक छ।

छपिया क्षेत्रमा माछा सम्बन्धी परिकारहरु खाने, माछाको बल्छी हान्ने र प्रकृतिका वातावरणमा रमाउने वातावरण नभएको बेला पहिलो पटक वि.स. २०७४ सालमा छपिया फिस भिलिज स्थापना भएको हो।

विगत २९ बर्ष देखि व्यवसायी माछा पालन गर्दै आएका व्यवसायी गौरव गौतमले माछा पालन मात्रै नभए माछाको परिकारमा व्यवसायीकरण गरेका थिए। छपिया फिस भिलेजन रिर्सोटका सञ्चालक गौरव गौतम भन्छन्-'माछा खान पर्छ भन्ने सिकाउने नै हामी हौं, सुरुवातमा माछाका परिकारहरु खुवाउदै गर्दा रिर्सोटको रुपमा व्यवसायीकरण गरेका छौं। 'माछा खान पर्छ भन्ने सिकाउने नै हामी हौं, सुरुवातमा माछाका परिकारहरु खुवाउदै गर्दा रिर्सोटको रुपमा व्यवसायीकरण गरेका छौं।'

छपिया क्षेत्रमा पहिलो रिर्सोटको रुपमा पहिचान बनाएको छपिया फिस भिलेज अहिले मत्स्य पर्यटकको आर्कषक गन्तव्यको रुपमा विकास भएको छ। गौरव गौतमले पहिला छपिया एरियामा माछा बसेर खाने स्थान थिएन। तर उनले माछाको भुरा उत्पादन गर्ने, माछा विक्रि वितरण गर्दै आएका थिए।

पहिला आफ्नै बहिनीको जग्गामा व्यवसायीक माछा पालन गरेका उनले आमाको हिस्सा, र दाजुको जग्गा लिएर माछा पालन गरेको थिए। माछा खाने संस्कार बसाल्नको लागि यसरी नै माछा को रिर्सोट खोल्ने योजना रहेको उनको भनाई रहेको छ। सोही अनुसार अहिले विभिन्न संरचनाहरु उनले निर्माण गरेका छन्। मत्स्य पर्यटकको उत्कृष्ठ गन्तव्यको रुपमा प्रदेश सरकारले छनौट गरेको उनको फर्म लाई २५ लाख रुपैयाँ समेत अनुदान स्वरुप प्रदान गरेको छ। अहिले ७ विघा क्षेत्रफलमा १२ वटा माछा पोखरी निर्माण गरि सञ्चालनमा रहेका छन्। रिर्सोटमा सञ्चालनको लागि छुट्टै १६ कठ्ठा क्षेत्रफल रहेका छन्। कटेज पोखरी माथी ३ वटा ठुलो, ५ वटा सानो, एउटा गोलो कटेज गरी ६ वटा कटेज निर्माण गरेका छन्। जसमा हाल सम्म करिव दुई करोड भन्दा बढि लगानी गरेको सञ्चालक गौतमको भनाई रहेको छ।

हाल मासिक २ लाख रुपैयाँ सम्मको आम्दानी गर्दै आएको जानकारी दिदै सञ्चालक गौतमले कर्मचारी ९ जना नियमित रुपमा रोजगारी दिएको जानकारी दिए। यस्तै सोमबार दिन थप २ जना, विदाको दिन ६ जना सम्म अतिरिक्त कर्मचारीहरु थपीने जानकारी दिए। छपिया क्षेत्रमा वेयटरहरु नभएपछि बुटवलबाट आउने र दैनिक ज्यालादारीमा समेत कर्मचारी राखने गरेकोरिसोर्टले जनाएको छ। अहिले रिर्सोटमा रुम ६ वटा। (एसीरुम) दुई वटा स्टाफ रुम।, टावर रेष्टुरेन्ट(कौसी) निर्माण गरिएको छ। नयाँ बर्षको दिनमा २ हजार सम्म आन्तरिक र बाह्य पर्यटकहरु समेत आएको रिर्सोटले जनाएको छ। माछा पोखरीमा अहिले एउटा बोटीङ्ग एउटा छ त्यमा थप थप्ने योजना बनाइएको रिसोर्टले जानएको छ। यस्तै ६ वटा नयाँ थप कटेज र गार्डेन निर्माण गर्न लागिएको रिर्सोट सञ्चालकले जनाएका छन्।■

# दाङमा यस वर्ष धान उत्पादनमा कमीआउने संकेत



**बसन्त पौडेल**
दाङ, असार

सिचाँई नहुँदा आकाशे पानीको भरमा किसान छन्। ढिला गरी आएको वर्षाले पनि सिचाँईको अभावमा रहेका किसानलाई खासै राहत महशुस गर्न सकेन। कृर्षिको उर्वर भुमि मानिएको दाङमा बिगतको वर्षमा यो समयमा रोपाई भईसकेको हुन्थ्यो भने अधिकांश किसानले धानको व्याड राखिसकेका हुन्थे तर यो वर्ष ढिलागरी वर्षात भएका कारण किसान भर्खर व्याड राख्न थालेका छन् भने सरकारले समयमै रासायनीक मल उपलव्ध गराउन नसक्दा जिल्लाका किसानहरू उत्पादन मा ह्रास आउनेमा चिन्तित छन।

पानीको सिँचाई सुविधा नभएका कारण आकाशेपानीको भरमा खेती गर्नुपरेको तुलसीपुर-१७ का हरिलाल चौधरीले बताए। सिँचाई भएको भए यो बेला सम्म करिब करिब धानको व्याड त राखिसकेका हुन्थ्यौं तर के गर्नु जलस्रोतको दोस्रो धनि देशमा सिँचाईको सुविधा पुगेको छैन्। उहाँले भन्नुभयो बितेको वर्षमा यो समयमा धानको व्याड राख्ने भन्दा पनि धान रोपिसकेका हुन्थ्यौं, तर बिडम्बना यो वर्ष त व्याड पनि राख्न पाएका छैनौं। कृर्षिका लागि उर्वर भुमि मानिएको दाङमा सिँचाईको पर्याप्त सुविधा पुग्न नसक्दा किसानले सोचेजस्तो कृषि उत्पादन गर्न सकेका छैनन्।

अघिल्लो वर्षको यो समयमा धान रोपाई शुरु भएपनि यो वर्ष सोही अनुसार हुन नसकेको कृषि ज्ञान केन्द्र दाङका प्रमुख कृष्णबहादुर बस्नेतले बताउनुभयो। अहिलेको अवस्थामा मकै भन्दा पनि धानको उत्पादन घट्छ की भन्ने किसानलाई चिन्ता छ , तर चिन्ता मान्नुपर्दैन् , अहिले पनि अब तत्काल व्याड राखियो भने २२/२३ दिनमै धानको व्याड रोप्नलाई तयार हुन्छ।'

दाङमा अहिले बितेको वर्षमा अलिअलि रोपाई शुरु भइसकेको हुन्थ्यो, अहिले पनि सिचाई भएका ठाँउमा त व्याड रोप्ने भइसकेको छ, अब पानी पर्‍यो अब देखि रोपाई शुरु हुन्छ , अहिले सम्म शुरु भएको छैन्।

दाङमा करिब ६७ हजार हेक्टर क्षेत्रफलमा खेती हुने गरेको छ भने करिब ३८ हजार क्षेत्रफलमा धान खेती हुने गरेको प्रमुख बस्नेतले जानकारी दिनुभयो। मकै झण्डै २२ हजार हेक्टर क्षेत्रफलमा खेती हुन्छ भने, धान झण्डै ३८ हजार हेक्टर क्षेत्रफलमा खेती हुने गरेको छ, मकै लगभग सकिएको छ नै भन्दा हुन्छ भने धान अब लगत्तै शुरु हुन्छ उहाँले वताउनुभयो। धान उत्पादनका लागि समय पर्याप्त छ , समय घर्किसकेको भन्ने छैन्।'

सिँचाई सुविधा पुर्‍याउन सके कृर्षि उत्पादन बढाउन सकिने किसानहरूले बताउछन्। दाङमा सिँचाईको लागि रोल्पाको माडी नदिको पानी ल्याउने भनिएपनि कुरामै सिमित हुने गरेको छ।

धान उत्पादनमा आत्मनिर्भर

दाङमा करिब १ लाख ६८ हजार मेट्रीक टन धान उत्पादन हुने गरेको छ भने धानसहित अन्य बाली करिब १ करोड १८ लाख मेट्रिक टन उत्पादन हुने गरेको छ। जुन जिल्लाका लागि आवश्यक भन्दा करिब ७ लाख मेट्रिक टन खाद्यान्न बढी उत्पादन जिल्ला बाहिर जाने गरेको प्रमुख बस्नेतले बताउनुभयो।■










